# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ३ नं. प्रदेश
भरतपुर, चितवन, नेपाल

प.सं. ०७५/७६ सा.प्र.शा.
च.नं. २२६२

मिति २०७५/०८/२३

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०८/२१ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.....................
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

# नगर कार्यपालिकाको २२औं बैठक (२०७५/८/२१) का निर्णयहरु

निर्णय नं. १:

भरतपुर महानगरपालिकामा सुविधा सम्पन्न अन्तर्राष्ट्रियस्तरको सभागृह (City Hall) निर्माणको लागि उचित स्थान छनौट गर्ने क्रममा जिल्ला समन्वय समिति, चितवनको मिति २०७५ मंसिर १४ मा बसेको बैठकको निर्णय एवं २०७५ मंसिर १६ मा बसेको स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को दफा १८ बमोजिमको उपसमितिको बैठकको निर्णयानुसार भरतपुर महानगरपालिका वडा नं. १० मा पर्ने कि.नं. ३०२४ को ज. वि. ०६-६-२ मध्ये पश्चिमतर्फबाट २-२-२ जग्गा छोडी उत्तर-दक्षिण कित्ताकाट गरी पूर्वतर्फको बाँकि ४-४-० (चार बिगाहा चार कट्ठा) अन्तर्राष्ट्रियस्तरको सभाहल (City Hall) निर्माणको लागि स्वामित्व हस्तान्तरण गर्ने निर्णय भए बमोजिम आवश्यक निर्णयको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २:

उक्त हल निर्माणको लागि जग्गा उपलब्ध गराउने निर्णयको लागि जिल्ला समन्वय समिति, चितवनलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

भरतपुर महानगरपालिका वडा नं. २४ का वडा अध्यक्ष श्री कान्छा मल्लका पुजनीय पिता श्री हस्तबहादुर मल्लको मिति २०७५/०८/०९ मा १०१ वर्षको उमेरमा असमायिक निधन भएको हुँदा सिङ्गो महानगर परिवार स्तब्ध भएको छ। यस दुःखद घडीमा बुवाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको स्वर्गवासको कामना सहित शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने प्रस्ताव पारित गरियो ।

प्रमुख

Scanned by CamScanner